**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

# उदार कक्षोन्नतिको आधारभूत तह (कक्षा १-३) मा कार्यान्वयनको अवस्था र यसले बालबालिकाहरुमा पारेको प्रभाव

उपेन्द्र मल्ल

**सार**

उदार कक्षोन्नतिको कार्यान्वयनको अवस्था, कार्यान्वयनले बालबालिकाहरुमा पारेको प्रभावको विश्लेषण गर्नु यो अध्ययन केन्द्रित गरिएको छ । उदार कक्षोन्नति नीति सैद्धान्तिक हिसावले ज्यादै राम्रो मानिएता पनि व्यावहारिक र विद्यालयको भौतिक सुविधा र व्यवस्थापनका कारण ८० प्रतिशत शिक्षकहरुले कार्यान्वयन गर्न सहज भएको बताए भने २० प्रतिशतले कठिन भएको बताएको पाइयो । अध्ययन क्षेत्रमा ९० प्रतिशत बालबालिकाले उदार कक्षोन्नतिका आधारभूत सूचक प्राप्त गरेर कक्षोन्नति गरेको, १० प्रतिशत विद्यार्थीहरुले आधार सूचकमा नपुगे पनि माथिल्लो कक्षामा कमी कमजोरी सुधार्ने गरी कक्षोन्नति गरेको पाइयो । कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउने क्रममा ८५ प्रतिशत क्रियाकलापहरु बालमैत्री शिक्षण सिकाइका माध्यमद्धारा कक्षा १-३ मा प्रयोग गरेको पाइयो ।

उदार कक्षोन्नति नीति अभिभावकका दृष्टिले ७५ प्रतिशत राम्रो र २५ प्रतिशत नराम्रो रहेको बताएको पाइयो । कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय हिसाबले सन्तोषजनक रहको, विद्यार्थीका हरेक शैक्षिक अभिलेखका पक्षमा, शिक्षा विकास तथा समन्वय इकाई, गाउँ शिक्षा शाखा, प्रधानाध्यापक, वि.व्य.स. तथा अन्य सरोकारवाला संघसंस्थाहरुले समय समयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाइयो । उदार कक्षोन्नति प्रणालीलाई चुस्त दुरुस्त राख्न विद्यार्थीको व्यक्तिगत अभिलेख निरन्तर रुपमा तयार गरी राख्ने विद्यालय ५० प्रतिशत, मासिक रुपमा राख्ने २० प्रतिशत र बाँकी वार्षिक रुपमा राख्ने ३० प्रतिशत भएको पाइयो । उदार कक्षोन्नतिको नीतिलाई अति सकारात्मक भूमिका खेल्ने बनाउन, देखिएका कमीकमजोरीलाई सुधार गर्न सरोकारवाला निकायले पहल चाल्नु पर्ने साथै सरोकारवाला वीचमा मैत्रीपूर्ण वातावरण निर्माण गर्नु पर्दछ ।

**मुख्य शब्द** : उदार कक्षोन्नति, कार्यान्वयन, मैत्रीपूर्ण वातावरण, आधारभूत, अभिलेख

## परिचय

उदार कक्षोन्नति भन्नाले मूल्याङ्कन प्रणाली अनुसार तोकिएका मापदण्ड न्यूनतम् रुपमा हासिल गर्ने विद्यार्थीलाई अध्ययनरत कक्षाबाट माथिल्लो कक्षामा स्तर उन्नति गराउनु, उपस्थिति, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, अनुशासन, सहपाठी सहयोग, अतिरिक्त क्रियाकलाप जस्ता मापदण्डहरूमा के कति दक्षता विद्यार्थीहरूले हासिल गर्दछ, सोही आधारमा कक्षोन्नति गर्ने कार्य उदार कक्षोन्नति हो । शैक्षिक मूल्याङ्कन प्रणालीमा यो नयाँ प्रयोग हो । नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपात अन्य मुलकको तुलनामा सानो छ । तापनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जे जति लगानी भएको छ त्यो यहाँको अन्य क्षेत्रका तुलनामा भने बढी छ । आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो संकेतलाई दृष्टिगत गर्दा विद्यालय शिक्षामा जे जति लगानी भएको छ त्यो पनि त्यतिकै खेर गइरहेको जस्तो देखिन्छ । यस कुरालाई विद्यालय शिक्षामा हुन सक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जान जरुरी रहेको छ । विगत छ दशकदेखि आधारभूत र प्राथमिक शिक्षालाई सर्वव्यापी बनाउनका लागि विभिन्न योजना र कार्यक्रम अघि सारेको छ । शिक्षा मन्त्रालयको मातहतमा आधारभूत तथा प्राथमिक

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

शिक्षा कार्यक्रम सबैका लागि शिक्षा कार्यक्रमको फलस्वरुप बालबालिकालाई शिक्षाको मूलधारमा अवसर पुऱ्याउनका लागि भौतिक संरचनाहरू पनि विकास भएका छन् । सन् २००१ को जनगणना अनुसार देशको १९.२५ मिलियन जनसङ्ख्या (६ वर्ष उमेर माथिका) निरक्षर नै छन् । ती मध्ये प्राथमिक तहमा जाने बालबालिका बढी रहेको देखिन्छ (गोडेल र अन्य, २०६४) ।

विद्यालयमा विद्यार्थीका कक्षागत पोर्टफोलियो उपलब्धि सञ्चयिका रेकर्ड राखिएको हुन्छ । विद्यार्थीका लेखाइ, विज्ञान, नक्सा, गणित, सामाजिक लगायतका सबै विषयका कामहरूको रेकर्ड फाइलिंग गरेर राखिन्छ । विद्यार्थीलाई सुधारका लागि दिइएका सुझाव समेत त्यस (रेकर्ड) मा हुन्छ । अतः विद्यार्थीका राम्रा काम, प्रगतिका पक्ष, पहिलेका काम, उनीहरूका प्रयास र उनीहरूका प्रगति समेत लामो कक्षाका रुपमा रहेको प्रगतिको विवरणलाई पोर्टफोलियो मूल्याङ्कन भनिन्छ । कतिपय विद्यालयले विद्यार्थी यस्ता कामको, प्रगति विवरणको प्रदर्शन समेत गर्दछन् । यस्ता प्रदर्शनहरू विद्यालय भित्र, विद्यालयको बीचमा, स्थानीय तहमा र जिल्ला तहमा पनि हुन सक्दछन् । प्रदर्शनबाट विद्यार्थीलाई राम्रो, उत्तम आदि ग्रेडिङ गरिन्छ । जुन पोर्टफोलियो (उपलब्धि संग्रह) मूल्याङ्कन हो । ग्रेडिङ हो, स्तर निर्धारण समेत हो ।

पूर्ण र प्रभावकारी शिक्षणका विभिन्न तत्वमध्ये निरन्तर मूल्याङ्कन र उक्त मूल्याङ्कनको निष्कर्ष अनुसार पृष्ठपोषण प्रदान गर्नु अर्को महत्वपूर्ण तत्व हो । शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा कक्षा कोठामा निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ । विद्यालयमा मूल्याङ्कनलाई पठनपाठनका अभिन्न अंगका रुपमा लिनु पर्दछ । यसका लागि मूल्याङ्कन निरन्तर रुपमा हुनु आवश्यक हुन्छ । कक्षा शिक्षण गर्दा देखि लिएर अन्तिम परीक्षासम्म मूल्याङ्कनलाई नियमित गर्नुपर्दछ । यसरी गरिने मूल्याङ्कन नै निरन्तर मूल्याङ्कन हो । मूल्याङ्कन हरेक दिनको कक्षा शिक्षणमा गरी भए गरेका कमी कमजोरी हटाउन आवश्यक पृष्ठपोषण दिनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनको माध्यमबाट विद्यार्थीका कमीकमजोरी हटाउँदै निरन्तर सुधार गर्दै लग्न सकेमा मात्र त्यस्तो शिक्षण प्रभावकारी हुन सक्ने भएकाले निरन्तर मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको एक अभिन्न अंगका रुपमा विकसित गर्नुपर्दछ । अवैज्ञानिक परीक्षा प्रणाली भएमा त्यस्तो परीक्षा प्रणालीले प्रभावकारी सिकाइ गराउन सक्दैन (न्यौपाने, २०७०) ।

जुन प्रणालीमा मूल्याङ्कनलाई निरन्तर रुमपा प्रयोग गरिदै विद्यार्थीका सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरूको सिकाइलाई अझ सबल, प्रभावकारी एवम् सशक्त पार्ने कार्य गरिन्छ भने त्यो नै निरन्तर मूल्याङ्कन हो । प्रणालीमा मूल्याङ्कनलाई निरन्तर शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरूको स्तर पत्ता लगाई सो अनुसार आवश्यक सुधारात्मक कदम चाल्नु नै निरन्तर मूल्याङ्कन हो । हरेक शिक्षण सिकाइ क्रियाकलापसँग र आवश्यकता अनुसार गरिने हुनाले यसलाई निरन्तर मूल्याङ्कन भनिएको हो । यो पूर्ण रुपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित छ । यस मूल्याङ्कनका प्रणालीमा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाइ चलाख विद्यार्थीलाई अझ थप उत्साह प्रदान गर्ने र सिकाइ स्तर मध्यम र न्यून भएकालाई थप मद्दत गरी सिक्ने प्रेरित गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा शिक्षकले कक्षाकार्यमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि आवधिक रुपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्य लगायत अन्य मूल्याङ्कन विधि प्रयोग गरी प्राप्त उपलब्धिको लेजाजोखा गरिन्छ । यसरी गरिएको लेखाजोखाका आधारमा कक्षोन्नति गर्ने गरिन्छ । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कनले विशेषतः निर्णयात्मक भन्दा निर्माणात्मक मूल्याङ्कनमा जोड दिन्छ । यो मूल्याङ्कन प्रणाली विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनुभन्दा पनि प्रभावकारी

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

शिक्षण सिकाइका लागि पृष्ठपोषणका रुपमा उपयोग गरिन्छ । यसबाट कमजोर विद्यार्थीलाई उपलब्धिस्तर बढाउन मद्दत पुग्दछ (न्यौपाने, २०७०) ।

कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीलाई पढाइमा थामिराख्न कक्षा १ देखि ३ सम्म विद्यार्थीहरूले स्वाभाविक रुपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नति व्यवस्था गरिनु पर्दछ । उदार कक्षोन्नतिको नीति अवलम्बन गर्दा अनवरत मूल्याङ्कनलाई सँगसँगै लैजानु आवश्यक छ । विद्यार्थीहरूको उपलब्धिको लेखाजोखाका निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक परीक्षा, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, उपस्थिति र अभिलेख समेतलाई आधार बनाउनु पर्दछ भन्ने कुरा उल्लेख गरेको पाइन्छ (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५) ।

निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका (२०५५) ले विद्यार्थीले के कति सिके र सिकाइबाट उनीहरूमा आएको व्यावहारिक परिवर्तनको दैनिक लेखाजोखा गरी राखिएको अभिलेखका आधारमा गरिने मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । यसबाट विद्यार्थीको गल्ती कमजोरी समयमै जानकारी हुने भएकोले तत्कालै थप शिक्षणको मद्दतले सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने मर्म उल्लेख गरिएको छ । विद्यार्थीले के कति सिके भनेर उनीहरूको सिकाइ उपलब्धि क्रमिक रुपमा अभिलेख राख्नु निरन्तर वि.मू.हो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो) ले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई एउटा अंगका रुपमा अंगिकार गरेको थियो । सो कार्यक्रमले रणनीतिका रुपमा लिई कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नति नीति र पुनर्ताजगि शिक्षक तालिमसँग जोडेको छ । कक्षाकार्य, गृहकार्य, विद्यालय भित्र वा बाहिर विद्यार्थीले देखाउने व्यवहार, विद्यार्थीको प्रगति अभिलेख अनौपचारिक लिखित परीक्षा आदिका आधारमा विद्यार्थीको निरन्तर मूल्याङ्कन गरिन्छ ।

सुवेदी (२०७०) ले निरन्तर विद्यार्थी मूल्याङ्कनको उत्कृष्ट विकल्प हालसम्म पनि पहिचान नभएको अवस्थामा यसको सुदृढीकरण एक मात्र विकल्प हो । यस पद्धतिले सार्थक रुपमा कक्षाकोठामा प्रवेश पाएको छैन । उक्त वास्तविकतालाई सम्बन्धित सरोकारवालाले गम्भिर ढंगले सोच्नु जरुरी छ । कक्षा ५ मा सिक्नु पर्ने सीप कक्षा १० का विद्यार्थीमा छैन । यसको दोष मूल्याङ्कन नीति माथि लगाई शिक्षकहरू जिम्मेवारीबाट हट्ने, पाठ्यक्रमलाई अगाडि लगाई विज्ञ तथा पाठ्यक्रम विकास केन्द्र बसीरहने, तालिम औपचारिकता पूरा गर्दै बसीरहने हो भने राष्ट्रको सामुदायिक शिक्षा प्रणालीको गुणस्तर थप धरासायी हुने निश्चित देखिन्छ । वर्तमान अवस्थामा वृहत अनुसन्धान गरेर सुधार नगरी थप कक्षा सातसम्म नै यस प्रणालीलाई कार्यान्वयन गर्ने निर्णय गरियो भने गुणस्तर थप ओरालो लाग्ने भएकाले यस्तो गम्भिर शैक्षिक जोखिम प्रति सम्बन्धित सबै सरोकारवालाहरूको ध्यान जानु अति जरुरी देखिन्छ । विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि मूल्याङ्कन पद्धतिको महत्वपूर्ण स्थान रहेको तथ्यलाई आत्मसात गर्दै प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सुरुवात गरियो । यस सम्बन्धी प्रयाप्त मात्रामा तालिम, गोष्ठी पनि सञ्चालन भए र भइरहेका पनि छन् । तर कक्षाकोठा भित्र पसेर यसको अभ्यास विद्यार्थीको विषयगत सिकाइ शिक्षकको बुझाइ र गराइको अध्ययन गर्दा नितान्तै र बैग्लै चिन्ताजनक पाइयो । विद्यार्थीको सिकाइ उपलब्धि शत प्रतिशत पुऱ्याएर मात्र कक्षोन्नोति गर्ने उद्देश्य भएको निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको वर्षौंपछि पनि सिकाइ उपलब्धि बढ्नुपर्नेमा घटिरहेको अवस्था देखिन्छ । कक्षा १० को विद्यार्थीको कक्षागत सक्षमता कक्षा ५ का विद्यार्थीमा हुनुपर्ने जति पनि पाइदैन । यसको चुरो खोज्दै जाँदा मुख्य रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको गलत प्रयोग बुझाइ र गराइ पाइयो ।

उदार कक्षोन्नति प्रक्रियाको विकास निरन्तर मूल्याङ्कन प्रणालीको विकाससँगै जोडिएको छ । पठनपाठनका साथै सिकाइको स्तर पत्ता लगाई कम सिकेकालाई सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । उदार कक्षोन्नतिलाई सजिलो बनाउन विद्यार्थीको अभिलेख तयार गर्नुपर्दछ । जसले विद्यार्थीहरुलाई लेखजोखा गरी आवश्यक सुधार गर्न सरल र सहज हुन्छ ।

**उद्देश्य**

उदार कक्षोन्नतिको आधारभूत तह (कक्षा १-३) मा कार्यान्वयनको अवस्थाको अध्ययन गर्न र उदार कक्षोन्नतिले बालबालिकाहरूमा पारेको शैक्षिक प्रभावकारिता विश्लेषण गर्नु ।

**अनुसन्धान विधि**

यस अध्ययनलाई प्रभावकारी र निष्कर्ष मूलक बनाउनका लागि निर्धारित अध्ययन विधि प्रयोग गरिएको छ । नमूना छनोटका निश्चित आधारहरू अवलम्बन गरिएको छ । तथ्याङ्कमा साधनलाई वस्तुनिष्ट बनाई तथ्याङ्कको व्याख्या र विश्लेषण गर्नको लागि उद्देश्य केन्द्रित बनाइएको छ । यसमा नतिजा विश्लेषणको लागि आवश्यक पर्ने ढाँचा, अध्ययनका लागि आवश्यक पर्ने जनसङ्ख्या छनोट, तथ्याङ्क सङ्कलनका स्रोत तथा साधनहरूलाई उल्लेख गरिएको छ । प्रस्तुत अध्ययन ढाँचा वर्णनात्मक र परिमाणात्मक गरी मिश्रित ढाँचामा आधारित रहेको छ । तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ताले छनोट गरेको प्रा.वि., नि.मा.वि. र मा.वि.हरूमा स्वयम् गई स्थलगत अध्ययन, सर्वेक्षण, प्रश्नावली एवम् सहभागिता मूलक अवलोकन मार्फत प्राथमिक तथ्याङ्क सङ्कलनबाट गरिएको छ । यो अनुसन्धान परिमाणात्मक, वर्णनात्मक तथा मिश्रित ढाँचामा आधारित रहेर तयार गरिएको छ ।

**व्याख्या र विश्लेषण**

अध्ययन क्षेत्रमा छनोटमा परेका गापा शिक्षा शाखा प्रमुख, प्रधानाध्यापक, वि.व्य.स., शिक्षक, अभिभावक र विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कका आधारमा विद्यालयमा उदार कक्षोन्नतिको कार्यान्वयनको वर्तमान अवस्थाबारे उद्देश्य अनुसार क्रमवद्ध रुपमा राखी नतिजाको व्याख्या र विश्लेषण गरिएको छ । गुणात्मक र परिमाणात्मक दुवै प्रकारका तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।

**उदार कक्षोन्नतिको आधारभूत तह (कक्षा १-३) मा कार्यान्वयनको वर्तमान अवस्था**

सामुदायिक विद्यालय स्तरमा सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालयमा उदार कक्षोन्नतिको कार्यान्वयनको वर्तमान अवस्थाबारे नमूना छनोटमा परेका गापा शिक्षा शाखा प्रमुख, प्रधानाध्यापक, वि.व्य.स.अध्यक्ष, कक्षा शिक्षक, अभिभावक र विद्यार्थीसँग प्रश्नावली तथा अन्तरवार्ताका माध्यमद्वारा सूचना सङ्कलन गरिएको थियो । यसरी प्राप्त सूचनालाई विश्लेषण गर्दा सरकारी स्तरमा सञ्चालित सामुदायिक विद्यालयहरूमा उदार कक्षोन्नतिको कार्यान्वयन अवस्था देहाय रहेको पाइयो ।

**गाउँ शिक्षा शाखा प्रमुखबाट प्राप्त सूचना**

गाउँ शिक्षा शाखाबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा धेरै जसो विद्यालयहरूमा उदार कक्षोन्नतिको कार्यान्वयन विगतदेखि वर्तमानसम्म निरन्तर रुपमा भइरहेको पाइयो । अधिकांश विद्यालयहरूले सकारात्मक रुपमा प्रयोग गरिरहेको पाइयो भने केही विद्यालयमा प्रभावकारी रुपमा उदार कक्षोन्नतिको कार्यान्वयन नभएको पाइएको छ ।

निरन्तर रुपमा कक्षोन्नतिका सूचकलाई अवलम्बन गर्न कठिन भएको कारण उदार कक्षोन्नतिको कार्यान्वयनमा केही समस्या भएतापनि विद्यार्थीहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न सूचकको आधारमा मूल्याङ्कन अगाडि बढाउने गरेको पाइयो । उदार कक्षोन्नतिको कार्यान्वयन प्रक्रियालाई सकारात्मक र निरन्तर गराइ राख्न विद्यार्थीको नियमित उपस्थिति कक्षाकार्य, गृहकार्य, सरसफाई, सहभागितात्मक

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

क्रियाकलापका साथै अन्य क्रियाकलाप न्यून मात्रामा प्रयोग गरिएको पाइयो । त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कम भएकाले तोकिएको सूचकहरू विद्यार्थीले प्राप्त गरे नगरेको निरीक्षण गर्न कठिनाइ हुने गरेको देखिन्छ ।

**वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचना**

विद्यालयका वि.व्य.स. अध्यक्षको भनाइमा उदार कक्षोन्नतिको प्रयोग कक्षा १-३ सम्म भएको यसको गुणस्तर नभएपनि प्रभाव राम्रो भएको पाइयो । उदार कक्षोन्नति कार्यान्वयन गर्न खासै कठिन नभएको र शिक्षक विद्यार्थी सहभागितात्मक क्रियाकलाप पाठ्यक्रमले निर्देशन गरे अनुसार गर्ने, बालमैत्री कक्षा सञ्चालन गर्ने गरेको देखिन्छ । अभिभावकसँग बालबालिकाको कमी कमजोरी सुधार गर्न आवश्यक पर्ने जानकारी लिने दिने व्यवस्था मिलाइएको, शैक्षिक सामग्री खरिद गर्न र प्रयोग गर्न साथै बालमैत्री कक्षा व्यवस्थापनमा ध्यान दिएको देखिन्छ । शिक्षकलाई परेको समस्या र विद्यार्थीमा आएको कठिनाइलाई समाधान गर्न मासिक रुपमा शिक्षक अभिभावक संघको बैठकमा छलफल गर्ने व्यवस्था रहेकोले उदार कक्षोन्नति नीतिको कार्यान्वयन उचित ढङ्गबाट भएको पाइयो ।

विद्यालयका वि.व्य.स. अध्यक्षले दिएको सूचना अनुसार उदार कक्षोन्नतिको कार्यान्वयन कक्षा १-३ सम्म भइरहेको छ । यसको प्रभाव उचित रहेको, कार्यान्वयन प्रक्रियामा कुनै किसिमको अप्ठ्यारा नभएको, तोकिएका आधार सूचक प्रयोग गरी मापदण्डमा पुग्न सजिलो भएको, विद्यार्थीलाई सजग बनाउन अभिभावकबाट बेला बेलामा कक्षा अवलोकन गर्ने व्यवस्था मिलाइएको, व्यक्तिगत विवरण सीप सिकाइ, कमी कमजोरी, विद्यार्थीका समग्र क्रियाकलाप अभिलेखीकरण गर्न आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउने गरेको र अभिभावक विद्यार्थीलाई आवश्यकता अनुसार कमी कमजोरीहरूको जानकारी गराई थप पृष्ठपोषण दिन र सुधारात्मक पक्षमा शिक्षण गर्न शिक्षकहरूलाई अनुरोध गर्ने व्यवस्था भएकोले उदार कक्षोन्नति नीतिको कार्यान्वयन सहि ढंगबाट भएको पाइयो । वि.व्य.स. ले निरन्तर रुपमा शैक्षिक अनुगमन गरिनु पर्नेमा मासिक बैठकको समयमा मात्र अनुगमन गर्ने र औपचारिकता निभाउने कार्यले उदार कक्षोन्नति नीतिको कार्यान्वयन प्रभावकारी नभएको देखिन्छ ।

**प्रधानाध्यापकबाट प्राप्त सूचना**

अध्ययन क्षेत्रका छनोटमा परेका विद्यालयहरूमा उदार कक्षोन्नतिको कार्यान्वयनको अवस्थालाई अध्ययन गर्दा प्रधानाध्यापकबाट प्राप्त सूचनाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रधानाध्यापकबाट प्राप्त जानकारी अनुसार नतिजालाई विश्लेषण गर्दा कक्षा १ मा भर्ना भएका शतप्रतिशत विद्यार्थीहरू कक्षोन्नतिको सूचकको आधारमा कक्षा २ मा र कक्षा २ का कक्षा ३ मा कक्षोन्नति गरी पठाउने व्यवस्था गरेको पाइयो । उदार कक्षोन्नतिका लागि दैनिक रुपमा प्रयोग गरिने सूचकहरू हाँजिरी, अतिरिक्त क्रियाकलाप, कक्षाकार्य सहपाठी सहकार्य, सरसफाई, गृहकार्य, पढाइ लेखाइ बोलाइ जस्ता कार्यबाट मूल्याङ्कनका साधन प्रयोग गर्ने गरेको पाइयो । विद्यार्थी सहभागिताको कमजोरीले गर्दा शैक्षिक उपलब्धि लक्ष्य अनुरुप नआएपछि कक्षाकार्यलाई थप प्रभावकारी बनाउन विद्यार्थीलाई समूहमा विभाजन गरी टोली नेताको माध्यमद्धारा समूहको अगुवाई गर्न लगाई कमजोर विद्यार्थीलाई पृष्ठपोषण गरी अघिल्ला कठिनाइलाई सहयोग पुऱ्याउने गरेको पाइयो ।

नीतिगत रुपमा शिक्षा ऐन नियमावलीले शैक्षिक क्षेत्रमा कार्यरत शिक्षकले न्युनतम २४ घण्टी साप्ताहिक रुपमा अध्यापन गर्नुपर्ने उल्लेख गरेको छ भने प्रधानाध्यापकले मातहतका शिक्षकको कक्षा दैनिक रुपमा निरीक्षण गर्नुपर्ने उल्लेख भएतापनि अध्ययन क्षेत्रका धेरैजसो विद्यालयका प्रधानाध्यापकहरूले उदारकक्षोन्नति कार्यान्वयन गर्न नियमावली बमोजिम नगरेको देखिन्छ । प्रधानाध्यापकले नियमानुसार

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

दैनिक स्टाफ बैठक, यदि समय अभाव भएमा साप्ताहिक रुपमा र पाक्षिक रुपमा गर्नुपर्नेमा त्यो पनि कार्यान्वयन नभए मासिक रुपमा अनिवार्य स्टाफ बैठक गरेर शैक्षिक गतिविधिको जानकारी लिनेदिने गर्नुपर्नेमा अधिकांश विद्यालयका प्रधानाध्यापकले कार्यान्वयन नगरेको र न्यून विद्यालयले मात्र कार्यान्वयन गरेको पाइयो ।

**शिक्षकबाट प्राप्त जानकारी**

उदार कक्षोन्नति मूल्याङ्कनको प्रयोग प्रायः गरी सबै विद्यालयहरूले कार्यान्वयन गरेको पाइयो । उदार कक्षोन्नतिलाई सहज बनाउन रुजु सूची तयार गरी हरेक विद्यार्थीको कार्य सञ्चयिका अभिलेख राखेर अभिभावकलाई पटक पटक जानकारी गराउने गरेको पाइयो । जसबाट विद्यार्थीको कमी कमजोरीहरूलाई सुधार गर्न थप मद्दत पुग्ने गरेको पाइयो । विद्यालयमा उदार कक्षोन्नतिका लागि तोकिएका मापदण्डमध्ये करिव ९० प्रतिशत मापदण्ड प्रयोग गर्ने गरेको पाइयो भने १० प्रतिशत मात्र प्रयोग नगरेको पाइयो । जसमा विद्यार्थीको हाजिरी सरसफाई कक्षाकार्य, अनुशासन जस्ता विषयलाई नियमित प्रार्थना सभादेखि कक्षाकोठामा समेत हेर्ने गरेको पाइयो । फलस्वरुप यसले नतिजा राम्रो दिएको पाइयो । विद्यार्थीको पढ्ने बानीलाई विकास गर्न कक्षामा पढ्न पठाएपनि मूल्याङ्कनका रुपमा एकाई पाठ समाप्ती पछि पढ्न लगाउने गरेको पाइयो । लेख्ने र बोल्ने सीप परीक्षण पाठगत रुपमा गर्ने गरेको पाइयो । अन्य क्रियाकलाप आवश्यकता अनुसार प्रत्येक हप्ताको शुक्रबार अतिरिक्त क्रियाकलापका नाममा संचालन गरी विद्यार्थीलाई सामूहिक सहभागिता जनाउने अवसर प्रदान गर्ने गरेको पाइयो । यस प्रकार नीति व्यवस्थालाई अवलम्बन नगरी वार्षिक रुपमा अक्षरांकन प्रणालीद्वारा विद्यार्थीको कक्षोन्नति गर्ने प्रवृत्ति रहेको पाइयो । जसले गर्दा शैक्षिक गुणस्तर खस्कदो अवस्थामा रहेको देखिन्छ ।

**अभिभावकबाट प्राप्त सूचना**

छनोटमा परेका विद्यालय सेवा क्षेत्रका अभिभावकसँग लिइएको अन्तरवार्ताका आधारमा उदार कक्षोन्नतिको प्रयोग कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दा विद्यालयका अभिभावकहरूबाट प्राप्त जानकारी अनुसार कक्षोन्नतिको कार्यान्वयन कक्षा १-३ सम्म भएको विभिन्न क्रियाकलापमा बालबालिकालाई सहभागि गराएर तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढाउने भन्ने थाहा पाएको, आफूहरूले उदार कक्षोन्नतिका साधनहरूबारे शिक्षकहरूबाट थाहा पाएको, बालबालिकालाई पठन पाठनमा सदैव सहयोग गर्ने, आवश्यक सामग्री जुटाइदिने, गृहकार्य गर्न प्रोत्साहन गर्ने जातजाति भाषा, भाषी, अपाङ्गता आदि भएका बालबालिकालाई भेदभाव रहित व्यवहार गर्न सिकाउने, सरसफाई, विद्यालय पोशाक, दिवाखाजाको व्यवस्था गरी बालबालिकालाई विद्यालय निरन्तर पठाउने गरेको बाट अभिभावक उदार कक्षोन्नति प्रति सकारात्मक रहेको पाइयो । आफ्ना बालबालिकाहरूले उदार कक्षोन्नतिका आधार सूचक धेरै भन्दा धेरै मात्रामा प्राप्त गरुन भनेर के गर्दा ठिक हुन्छ भनी आफूभन्दा जान्ने व्यक्तिहरूसँग सल्लाह लिने गरेको पाइयो ।

विद्यालयका अभिभावकहरूबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा उदार कक्षोन्नति बारेमा थाहा पाएको कार्यान्वयनको अवस्था प्रभावकारी भएको तर आफ्ना बालबालिका पढाइ लेखाइमा कमजोर रहेको, अन्य क्रियाकलापमा सक्रिय रहेको भन्ने पाइयो । अबका दिनहरूमा उदार कक्षोन्नतिलाई थप प्रभावकारी बनाउन अभिभावकका तर्फबाट गर्नुपर्ने सेवा, सुविधा र राय सुझाव बराबर दिने गरेको, आफ्ना नानीहरूलाई खाली समयमा ज्ञानमूलक, रोचक प्रसङ्गका विषय चित्र बनाउने, तुलना गर्ने, रङ भर्ने, अंक लेख्ने, पाठ लेख्ने, कथा पढ्ने, कविता भन्ने तथा गीत गाउने जस्ता काम गर्न पठाउने, त्यसै खेल्नुभन्दा केही गरेर सिक्नु राम्रो रहेकोले बालबालिकालाई खेल्दै सिक्दै गर्ने बानी विकास गर्न मद्दत गर्ने

गरेको र यसबाट विद्यार्थीले विद्यालयमा प्राप्त गर्ने उदार कक्षोन्नतिका मापदण्डका रेजा प्रतिशतमा वृद्धि गर्न सहयोग भएको देखिन्छ । आफ्ना बालबालिका विद्यालय नियमित गए गएनन् गल्ती कमजोरी के कति गरेका छन् बुझ्न र गल्ती सच्याइ सुधार गर्न तथा थप पृष्ठपोषण गर्नका लागि कम्तिमा पनि महिनाको एक पटक विद्यालय गएर कक्षा शिक्षकसँग, प्रधानाध्यापकसँग भेटेर जानकारी लिने गरेको पाइयो ।

**विद्यार्थीबाट प्राप्त सूचना**

विद्यालयका विद्यार्थीबाट प्राप्त जानकारी अनुसार धेरै जसोलाई कक्षोन्नतिको बारेमा आफुलाई थाहा भएको, पढिरहेको कक्षाबाट क, ख, ग अक्षरांकनका आधारमा माथिल्लो कक्षामा चढाउने प्रथा हो । यसमा जाने पनि नजाने पनि पास भइन्छ । यसको बारेमा शिक्षक र अभिभावक सबैले भन्नु भएको नजानेर भन्दा जानेर उत्तीर्ण हुनु राम्रो हो । त्यही भएर हामी जान्ने हुनु पर्दछ, जान्नका लागि धेरै पढ्नु लेख्नु पर्दछ शिक्षकले दिएका क्रियाकलापहरू गर्ने, कक्षाकार्य गर्ने, गृहकार्य गर्ने, हाजिरी जवाफ, वक्तृत्वकला जस्ता प्रतियोगितामा भाग लिने, अरुजस्तै राम्रो बन्न मेहनत गर्ने गरेको पाइयो । अनुशासनको पाटोलाई ध्यान नदिदा शैक्षिक प्रगति नहुने भएकोले नैतिक शिक्षाको ज्ञान, विहान प्रार्थना सभामा विद्यार्थी साथीबाट र कक्षामा कक्षा शिक्षकबाट पाउन सफल भएको, नजानेका कुराहरू आफूभन्दा जानेका बुझेका साथीसँग, शिक्षकसँग, अभिभावकसँग, सोधेर कमीकमजोरी सुधार्ने गरेको पाइयो ।

विद्यालयका विद्यार्थीबाट प्राप्त जानकारी अनुसार कक्षोन्नतिको विषयमा आफूलाई थाहा भएको, पढेर जानेर उत्तीर्ण हुनु राम्रो भएको, शिक्षकले दिएका क्रियाकलाप, सक्रिय रुपमा गर्ने, कक्षोन्नतिका आधार सूचकहरू हाजिरी, अनुशासनको पालना गर्ने, गृहकार्य गर्ने, मनोरञ्जनका कार्यक्रममा सहभागी हुने गरेको पाइयो । आफूलाई समस्या आएका विषय गणित, अंग्रेजीलाई थप अतिरिक्त समय दिएर सिक्ने, घरमा अभिभावकसँग सिकाइ माग्ने, शिक्षकसँग सोध्ने जस्ता क्रियाकलापमा सक्रियताका साथ विद्यार्थी आफै लाग्ने र उदार कक्षोन्नतिको कार्यान्वयन प्रक्रियाका लागि आफूले प्राप्त गर्नुपर्ने रेजा धेरै कसरी पाउन सकिन्छ भनेर नियमित प्रयास गरिरहेको पाइयो । खाली समयमा साथीसँग छलफल गर्ने, चुट्कीला पढ्ने, कविता, गीत गाउने, खोज विधिद्धारा समस्याको समाधान तिर लागि रहेको पाइयो । यसबाट उदार कक्षोन्नतिको कार्यान्वयनको प्रभावकारिता सकारात्मक रहेको पाइयो । यसबाट स्पष्ट हुन्छकी उदार कक्षोन्नतिको आधारभूत तह (कक्षा १-३) मा कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

**उदार कक्षोन्नतिले बालबालिकामा पारेको शैक्षिक प्रभाव**

यस अध्ययनको उदार कक्षोन्नतिले बालबालिकामा पारेको शैक्षिक प्रभावहरु रहेको छ ।

**प्रधानाध्यापक तथा वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचना**

विद्यालयका प्रधानाध्यापक, वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचनाको जानकारी अनुसार उदार कक्षोन्नतिका लागि शिक्षक र विद्यार्थीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्ने, बालमैत्री कक्षाकोठाको व्यवस्थापनको वातावरण मिलाउने, भौतिक सुधार जस्तै बेन्च, डेस्क निर्माण तथा मर्मत, झ्याल ढोकाको मर्मत, घेराबार, खानेपानी, शौचालय, आदिको निर्माण तथा मर्मत सम्भार गरी शैक्षिक वातावरण गुणस्तर बनाउने साथै शिक्षकलाई तालिमको व्यवस्था मिलाउने, कक्षा अवलोकन गर्ने, विद्यार्थीलाई विद्यालय पोशाकमा अनुशासित ढंगबाट उपस्थित हुन लगाउने जस्ता क्रियाकलापले उदार कक्षोन्नति कार्यान्वयनलाई प्रभावकारी बनाउन लागि परेको देखिन्छ ।

विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचनाको जानकारी अनुसार उदार कक्षोन्नति प्रणाली अन्तर्गत विद्यार्थी कक्षोन्नति गर्नु मात्र नभई शैक्षिक उन्नति गर्ने एक उपाय पनि भएकोले शिक्षकलाई नियमित रुपमा कक्षा शिक्षणमा सिकारुमैत्रि शिक्षण विधि प्रयोग गर्ने व्यवस्था मिलाउनु, सरसफाई, अनुशासन, भेदभावरहित वातावरणको सिकाइ गर्न लगाउनु, अभिभावक भेलामा बालबालिकाको उपलब्धिको जानकारी गराउनु, अतिरिक्त क्रियाकलापको व्यवस्था मिलाउनु, शिक्षक र विद्यार्थी बीच मैत्रीपूर्ण भावको विकास हुनु, त्रासमुक्त कक्षाको व्यवस्था गर्नु, छात्रवृत्ति तथा पुरस्कारको व्यवस्था गर्नुबाट उदार कक्षोन्नति कार्यान्वयनले सकारात्मक प्रभाव पारेको पाइयो ।

विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचनाको जानकारी अनुसार आफ्नो विद्यालयमा उदार कक्षोन्नति लागु भएपछि निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रयोग गर्न सफल भएको जेहेन्दार तथा छात्राछात्रवृत्तिको वितरणमा अभिभावकको चासो बढ्नु, विद्यार्थी, सीप सिक्ने सिकारु हुन् । उनीहरूलाई कस्तो बनाउने भनेर सकारात्मक सोचका साथ शिक्षकलाई शिक्षणमा सहभागी हुन आग्रह गर्नु, बालबालिकालाई खेल सामग्री सङ्कलन गरिदिनु, अनुशासनमा बस्न सिकाउनु, अभिभावकलाई समय समयमा कक्षागत भेला बोलाई उनीहरूको बालबालिकाको शैक्षिक उपलब्धि, सकारात्मक पक्ष र नकारात्मक पक्षबारे प्रष्ट्यायउने व्यवस्था मिलाउनु, खानेपानी व्यवस्थापन गर्नु, शौचालयको सरसफाईका साथै प्रयोगको व्यवस्था गर्नु, जस्ता व्यवहारबाट उदार कक्षोन्नतिको कार्यन्वयनको अवस्था प्रभावकारी रहेको पाइयो ।

विद्यालयका प्रधानाध्यापक, वि.व्य.स.अध्यक्षबाट प्राप्त सूचनाको जानकारी अनुसार शिक्षकलाई उदार कक्षोन्नतिको कार्यान्वयन गर्न आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्न कक्षाकोठामा बालमैत्री तथा लैंगिक विभेद रहित बसाइ व्यवस्थापन गर्न कार्पेटको प्रयोग गर्न लगाइएको पाइयो । विद्यार्थीलाई कक्षागत शिक्षकको व्यवस्था गरी निरन्तर मूल्याङ्कनलाई जोड दिएको पाइयो । खानेपानीको बाल्टिन कक्षाकोठामै राख्ने व्यवस्था मिलाइएको, विद्यार्थीलाई जथाभावि घुम्न नदिई कक्षा कार्यमा व्यस्त गराएको, विद्यार्थीका लागि आवश्यक पर्ने खेल सामग्रीको व्यवस्थापन गरेको, खेल्दै र सिक्दै गर्ने वातावरणको व्यवस्थापन गरेकोबाट सकारात्मक प्रभाव पारेको पाइयो ।

समग्रमा आफ्नो विद्यालय, हाम्रो विद्यालय राम्रो विद्यालय बनाउन प्रधानाध्यापकले आ-आफ्नो कार्य योग्य र दक्ष किसिमले निर्वाह गर्दा साथै शिक्षक विद्यार्थी अभिभावकको भावनाको कदर गर्दै पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्द्ध शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रणाली नियमित रुपमा संचालन गर्ने गराउने, वि.व्य.स.अध्यक्षले विद्यालयको सम्पूर्ण शैक्षिक, भौतिक, आर्थिक तथा सामाजिक पक्षमा विकास हुने तथा गर्ने कार्यक्रममा ध्यान केन्द्रित भएकोले बालबालिकामा उदार कक्षोन्नति नीतिको शैक्षिक प्रभावकारिता हुने गरेको पाइयो ।

**शिक्षक तथा अभिभावकबाट प्राप्त सूचना**

विद्यालयका शिक्षक, अभिभावकबाट प्राप्त सूचनाको जानकारी अनुसार शिक्षकलाई विद्यार्थीसँग मैत्री भावमा क्रियाकलाप गरी सिकाउन मद्दत पुगेको, विद्यार्थीहरूलाई सिकाउनका लागि विद्यार्थी केन्द्रित विधि अपनाउन सहयोग गरेको, सामग्री निर्माण गर्न बालबालिकाको रुचि, चाहना, अनुसार खेल खेलाउन, क्रियाकलाप गराउन मद्दत पुगेको पाइयो भने अभिभावकलाई बालबालिकाले गृहकार्य गरे नगरेको जानकारी लिन, खाली समयको कसरी प्रयोग गर्दा ठीक हुन्छ भनी सम्झाउन र सिकाउन सफल भूत रहेको पाइयो । पढाइमा सक्रिय बनाउन गाली गरेर रिसाएर भन्दा बालबालिकालाई फकाएर, खेल्न दिएर, रमाइला कुरा गीत, कविता गाएर ध्यानाकर्षण गरी सिकाउने अवसर दिएको पाइयो ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

विद्यालयका शिक्षक र अभिभावकबाट पाइएको जानकारी अनुसार, शिक्षक विद्यार्थीको पथप्रदर्शक हुन पाएको, विद्यार्थीलाई क्रियाकलाप गराई आफू अवलोकन कर्ता र मार्ग निर्देशक बन्न पाएकोले उदार कक्षोन्नतिको प्रभाव राम्रो रहेको पाइयो भने विद्यार्थीको पढाइ स्तर कमजोर देखिएकोले अभिभावकहरूका लागि खासै प्रभावहीन भएको पाइयो । पढ्न पठाएको बच्चा पढाइका भन्दा अन्य बाहिरी क्रियाकलापमा सक्रिय देखिनुले अभिभावकका दृष्टिमा यो नीतिले शैक्षिक गुणस्तरमा उपलब्धि मूलक प्रभाव नदिएको, शिक्षकले विद्यार्थीको कक्षोन्नतिमा मात्र ध्यान दिने, सिकाउने विषयवस्तु नसिकाइ दिँदा पढाइ लेखाइमा पछि परेको देखिन्छ ।

विद्यालयका शिक्षक अभिभावकबाट प्राप्त सूचनाको जानकारी अनुसार उदार कक्षोन्नति कार्यान्वयन भएपछि विद्यार्थी सहभागितात्मक क्रियाकलाप गराउन पाएको, आफूलाई धेरै बोलिरहनु नपर्ने, विभिन्न शैक्षिक सामग्री निर्माण र प्रयोग गरी शिक्षण गर्न सजिलो भएकोले राम्रो र प्रभावकारी भएको पाइयो । अभिभावक आफू अभिभावक मात्र नभई शिक्षक बनेर घरमा बालबालिकालाई उदार कक्षोन्नतिका आधारसूचक सम्बन्धमा सिकाउन सफल भएको, विद्यार्थीका आवश्यकता समाधान गर्न र बालसुलभ व्यवहार गर्न सिकेकोले प्रभावकारी रहेको पाइयो । सरकारबाट प्राप्त छात्रवृत्ति, शिक्षक तालिम आदि कक्षाकोठामा प्रयोग के कति सफल, असफल, भएको छ भनेर बेला बेलामा निरीक्षण अनुगमन गरेको देखिन्छ ।

विद्यालयका प्रधानाध्यापक र अभिभावकहरूबाट प्राप्त सूचनाको जानकारी अनुसार उदार कक्षोन्नति कार्यान्वयनले शिक्षकहरू नियमित हाजिरी हुने, विद्यार्थीहरूका क्रियाकलाप अवलोकन गरी गल्ती र कमजोरीलाई सच्चाई सुधार गर्न लगाउने, बालबालिकाहरूलाई रमाइलो र मनोरञ्जन बातावरणमा शिक्षण गर्ने, शैक्षिक सामग्री निर्माणमा ध्यान दिने, समयको पालना उचित ढंगले गरी आफ्नो कार्य सम्पादन उत्कृष्ठ बनाउन प्रयासरत रहेको पाइयो भने अभिभावकहरू आफ्नो बालबालिका कक्षोन्नति भएपनि पढाइप्रति चासो नदेखाएको कारण उदार कक्षोन्नतिले शैक्षिक गुणस्तर वृद्धिमा नकारात्मक प्रभाव पारेको, बालबालिकालाई पाठयक्रमले तोके अनुसार सिकाउनु पर्ने विषयवस्तु नसिकाइ बालबालिकालाई गर गर मात्र भनेर आफू टाढा बसी बालबालिकाले गरेका क्रियाकलापहरू अवलोकन गरे पनि सुझाव नदिँदा, गल्ती नसच्याई दिँदा उदार कक्षोन्नतिले आफूहरूलाई नराम्रो र प्रभावहीन भएको बताएको पाइयो ।

विद्यालयका प्रधानाध्यापकतथा अभिभावकहरूबाट प्राप्त सूचनाको जानकारीअनुसार उदार कक्षोन्नति कार्यान्वयन पछि शिक्षकलाई विद्यार्थीको नियमित सरसफाई, अनुशासन, गृहकार्य, आदि हेर्ने बानीको विकास गराएको, घर जस्तै विद्यालय प्राङ्गण पनि सफा सुग्घर राख्नु पर्दछ  भन्ने चेतनाको विकास गराएको, बालमैत्री व्यवहारबाट शिक्षण गर्न सिकाएको, पटक पटकको प्रयासबाट नै नयाँ ज्ञान र सीपको आर्जन गरी भावना परिवर्तन भएको, नविनतम् शिक्षण विधि अपनाई शिक्षण गर्दा आफूलाई आनन्द लाग्ने र बालबालिकाले पनि प्रष्टसँग बुझ्ने र लगाएको काम सहजै गर्न सक्ने भएकोले उदार कक्षोन्नतिको प्रभाव सकारात्मक रहेको पाइयो भने अभिभावक आफ्नो बालबालिकाको शैक्षिक स्तर बुझ्न विद्यालय जाने गरेको पाइयो । अभिभावकले घरायसी कामभन्दा पढ्ने लेख्ने काममा बढी समय दिएर पढाइ लेखाइ व्यवस्थापन मिलाई दिने जिम्मेवारी बढेकोले उदार कक्षोन्नति प्रणालीले राम्रो प्रभाव पारेको पाइन्छ । मेरो बालबालिका राम्रोसँग लेखपढ गर्न जान्नु पर्दछ भन्ने धारणाको विकास भएको, शिक्षाको लागि लगानी गर्नु पर्दछ भन्ने चेतनाको विकास भएकोबाट उदार कक्षोन्नतिको सकारात्मक प्रभाव रहेको पाइन्छ । आफ्ना बालबालिकाहरूलाई सधैं सुकिलो पोशाकमा विद्यालय पठाउने, कापी, कलम,

सिसाकलाप, रंगिन कलम किनिदिने र बच्चाको पढाइ प्रति चासो देखाउने बानीको विकास भएको कारण उदार कक्षोन्नति प्रणालीलाई टेवा पुगेकोले कार्यान्वयन प्रक्रिया प्रभावकारी र सकारात्मक रहेको पाइयो ।

समग्रमा भन्नुपर्दा शिक्षक तालिम, अभिभावक शिक्षा, नियमित अनुगमन, निरीक्षण, पाठ्यक्रम र पाठ्यपुस्तकको समयमा व्यवस्था गर्नुले उदार कक्षोन्नतिको प्रभाव सहज रहेको पाइयो । गल्ती, कमजोरी हटाउन, सुधारात्मक सोचहरूलाई सकारात्मक रुपमा परिणत गर्न, राज्य तहदेखि स्थानीय तहसम्म बालबालिकालाई शैक्षिक सामग्री व्यवस्थापन गर्न, शिक्षक अभिभावकलाई सल्लाह सुझाव दिइरहँदा झन उदार कक्षोन्नतिको शैक्षिक प्रभावकारिता बढाउन सहयोग हुने देखिन्छ ।

**विद्यार्थीबाट प्राप्त सूचना**

विद्यालयमा उदार कक्षोन्नतिको वर्तमान अवस्था निकै प्रभावकारी रहेको पाइयो । विद्यार्थी कक्षा कार्य गर्ने, नियमित उपस्थिति हुने, अनुशासनको पालना गर्ने, समूह कार्य जस्ता आधार सूचक पूर्ण रुपमा पालना गर्ने गरेको पाइयो । हरेक पाठको अन्तमा पढाइ सीप परीक्षण गरिने र विद्यार्थीमा देखिएका कमी कमजोरीलाई सच्याई आवश्यक पृष्ठपोषण सहित अर्को पाठमा रेजा वृद्धि गर्न सहयोग गर्नुको साथै विभिन्न अतिरिक्त कार्यकलाप गराई विद्यार्थीको बौद्धिक ज्ञान विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गरेको पाइयो । विद्यार्थीको सबै कार्यकलाप अभिलेख गरी कार्य सञ्चयिका फाइल तयार गरेको र आवश्यकता अनुसार अभिभावकलाई देखाउने कार्यले उदार कक्षोन्नतिको प्रभावकारी अवस्था रहेको पाइयो ।

विद्यालयमा बालबालिकाहरूको सिर्जनशिलतालाई ध्यानमा लिइएको, अनुशासन, सरसफाई, हाजिरी, लेखन कार्य, कक्षाकार्य तथा अतिरिक्त क्रियाकलाप आदि सूचकलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याएको र विद्यार्थीमा देखिने गल्ती कमजोरीलाई तत्कालै सुधार गर्न थप पृष्ठपोषण दिने उदार कक्षोन्नतिको मापदण्डमा पुग्नका लागि ल्याउनु पर्ने न्यूनतम आधार सूचक प्राप्त गर्ने आधार तयार गर्न अन्य क्रियाकलापहरू गर्ने गरेको  पाइयो । कक्षोन्नति मात्र ठूलो कुरा होइन, सीप सिकाइमा यसको प्रभाव रहेको पाइयो ।

विद्यालयबाट प्राप्त जानकारी अनुसार उदार कक्षोन्नतिले बालबालिकाको शैक्षिक गुणस्तरमा वृद्धि भएको देखिन्छ । उनीहरूमा अनुशासनको पालना गर्ने बानीको विकास भएको पाइयो । उदार कक्षोन्नतिको सूचकलाई मध्यनजर गर्दै सीप र क्षमता विकासमा पनि त्यतिकै चासो देखाउने गरेको पाइयो । बालबालिकामा भएको कमी कमजोरीलाई पृष्ठपोषण सहितको सुधारात्मक कार्य गर्न सक्ने क्षमतामा वृद्धि भएको पाइयो ।

विद्यालयबाट प्राप्त जानकारीअनुसार उदार कक्षोन्नतिले बालबालिकाको नियमित क्रियाकलाप गर्ने बानीको विकास भएको कक्षा कार्य, सहभागितात्मक कार्य आदिमा अनुशासित भई भाग लिने गरेको पाइयो । कक्षाकोठामा सिकाउने र शैक्षिक, बौद्धिक, सिर्जनात्मक कार्य गर्न उत्साहित रहने गरेको पाइयो । कक्षाकोठामा बसाई गर्दा लैंगिक विभेद नगरी मिलेर बस्ने बानीको विकास भएको पाइयो । अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेको पाइयो । युग सुहाँउदो वैज्ञानिक व्यवहार गर्ने बानीको विकास भएको पाइयो । पढाइलाई स्तरीय बनाउन दैनिक अध्ययन योजना बनाई अध्ययन गर्ने गरेको पाइयो ।

बालबालिकाले शैक्षिक उपलब्धि हासिल गर्न अपनाउनु पर्ने विधिको प्रयोग, गृहकार्य, कक्षाकार्य, मित्रवत व्यवहार, सिर्जनशील क्षमता विकास गर्ने क्रियाकलापहरू, अनुशासन, नियमित सरसफाई, आफ्नो सीप अरुलाई सिकाउने, साथीको कमीकमजोरी औंल्याई सिकाइ दिने, थप पृष्ठपोषणका लागि शिक्षक, अभिभावक र जान्ने साथीसँग सम्पर्क राखि सोधखोज गरेर अगाडि बढ्ने बानीको विकास भएको हुँदा

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

उदार कक्षोन्नतीले बालबालिकाहरूमा शैक्षिक प्रभाव सन्तोषजनक रहेको पाइयो ।

**निष्कर्ष**

उदार कक्षोन्नतिको आधारभूत तह (कक्षा १-३) मा कार्यान्वयनको वर्तमान अवस्थालाई हेर्दा कक्षाकार्य, विद्यार्थी, अनुशासन दैनिक हाजिरी, समूहकार्य, अन्य सिर्जनात्मक सीप, ज्ञानको अवलोकन साथै लेखाइ पढाइलाई पनि नियमित रुपमा सञ्चालन गर्ने, आवश्यकता अनुसार साप्ताहिक अतिरिक्त क्रियाकलाप, हाजिरी जवाफ, चित्रकला, हस्तकला, लेखनशैली, हिज्जे प्रतियोगिता आदिको मूल्याङ्कन गरी रेजा प्रणालीद्धारा अक्षरांकन गरी कक्षोन्नतिका आधार तयार गरी मूल्याङ्कन राखिने गरिरहेको पाइयो । निरन्तर रुपमा सञ्चालन हुने कक्षाकार्यले विद्यार्थी विद्यार्थी बीच प्रतिस्पर्धाको भावना, सहयोगको भावना, सीप विकास गर्ने भावनाको विकास गर्न मद्दत गरेको पाइयो । उदार कक्षोन्नति मूल्याङ्कन प्रणालीले शिक्षकलाई समस्या र चुनौति आउँदा आउँदै पनि प्रधानाध्यापक, गापा शिक्षा शाखा प्रमुखको सहयोगमा कार्यान्वयन प्रक्रियामा ल्याइएको पाइयो । विभिन्न साधनहरू प्रयोग गरी कक्षोन्नतिका आधारहरू तयार गरी मापदण्ड पूरा गर्ने विद्यार्थीहरूलाई कक्षा एक, दुई र तीनमा उदार कक्षोन्नति गरिरहेको पाइयो । उदार कक्षोन्नतिका सूचकले विद्यार्थीहरूलाई सृजनात्मक क्षमताको विकास गर्न, सामूहिक काम गर्ने भावनाको विकास गर्न सहयोग गर्ने भएकोले छनोटमा पारिएका धेरै जसो विद्यालयहरूमा यस मूल्याङ्कनको प्रयोग गरेको पाइयो ।

उदार कक्षोन्नति प्रणाली आफैमा एउटा सिर्जनात्मक मूल्याङ्कन प्रणाली हो । जसले बालबालिकालाई मात्र होइन, शिक्षक, अभिभावकलाई समेत सिर्जनशील व्यवहार गर्न सहयोग गर्दछ । विद्यार्थीमा रुचि पैदा गर्दछ, पढ्न लेख्न, मात्र नभई सिकाइ उपलब्धिको चरम उत्कर्षमा पुग्न प्रभावकारी भएकोले विद्यार्थीहरूले गर्ने सम्पूर्ण व्यवहारको अध्ययन गरी उनीहरूको कमी कमजोरी पत्ता लगाई पृष्ठपोषण गर्नुका साथै सृजनात्मक रुपमा सिकेका ज्ञान सीपलाई दीर्घकालीन रुपमा टिकाइ राख्न प्रभाव पारेको पाइयो । उदार कक्षोन्नति प्रणालीमा नियमित रुपमा सूचक आदिलाई सुधार गर्न निरन्तर पृष्ठपोषण भई रहने र विद्यार्थीलाई क्रियाशील बनाई रहने हुँदा यसको प्रयोग शिक्षा क्षेत्रमा प्रयोग गर्न योग्य देखिन्छ । विद्यार्थीमा यसको प्रभाव राम्रो रहेको पाइयो । शिक्षणका योजनाहरू सही ढंगबाट कार्यान्वयन गर्न सहयोग पु¥याउने, विधिहरू प्रभावकारी बनाउन सहयोग गर्ने भएकोले आधारभूत तहमा उदार कक्षोन्नति नीतिले प्रभाव पार्ने गरेको छ ।

उदार कक्षोन्नति मूल्याङ्कन नीति बढी आन्तरिक ढंगले अनौपचारिक किसिमले तयार गरिने मूल्याङ्कन भएकोले यो आवश्यकतामा आधारित मूल्याङ्कन प्रणाली हो । यसमा विद्यार्थीलाई कक्षा चढाउने मात्र नभै सिकाइ उपलब्धिको अनुगमन, अवलोकन साथै शिक्षकलाई शिक्षण प्रक्रियामा प्रभावकारी बनाउन, शिक्षण सिकाइ क्रियाकलापमा देखिएका विभिन्न गल्ती कमीकमजोरी र समस्या पत्ता लगाई सुधारात्मक शिक्षण विधि अपनाउन विद्यार्थीहरूको उपलब्धि स्तरमा सुधार गर्दै जाने र विद्यार्थीमा सिकाइ उत्प्रेरणा जगाउन कक्षाकार्य, सहपाठी सहयोग प्रदान गर्नु विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नु, यसको मुख्य उद्देश्य रहेको हुन्छ । यदि यसको सही रुपमा प्रयोग भएको खण्डमा सिकाइ उपलब्धि अपेक्षाकृत र दीर्घकालीन रुपमा टिकाइ रहन सकिने देखिन्छ । कक्षोन्नतिको नीतिलाई कार्यान्वयन गर्दा देखिएका प्रभाव विभिन्न समस्या र चुनौतिहरूको समाधान गरी प्रयोग योग्य बनाउन सकेमा राम्रो हुने थियो ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

**सन्दर्भ सामाग्री**


अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षक दर्पण,* काठमाडौं : आशिस बुक्स ।

अधिकारी, गणेश र गौतम, वासुदेव (२०६७), *माध्यमिक शिक्षा क्याप्सुल,* काठमाडौ : मामा प्रकाशन ।

खतिवडा, श्रीप्रसाद (२०६८), *संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रिया,* अप्रकाशित शोधपत्र, कीर्तिपुर त्रि.वि.वि.,

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौं : जुपिटर पब्लिशर्स ।

ज.व.रा., स्वयम प्रकाश, श्रेष्ठ चन्द्र बहादुर, रञ्जित किरणराज (२०६९), *शैक्षिक मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी प्रकाशन ।

ढुङ्गाना, जीवन कुमार, रिमाल, वासुदेव (२०६८), *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौं : वृस्पति पुस्तक सदन ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६९), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स ।

सुवेदी, रामबन्धु (२०७०), *निरन्तर विद्यर्थी मूल्याङ्कनको कक्षाकोठामा प्रभावकारी अवस्था,* अप्रकाशित शोधपत्र, त्रि.वि. काठमाडौं ।

श्रेष्ठ, चन्द्र बहादुर, रञ्जितकार, किरणराम र बस्याल, सम्झना (२०६८), *पाठ्यक्रम मूल्याङ्कन,* काठमाडौं : भुँडिपुराण प्रकाशन ।